साँफेबगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

साँफेबगर अछाम

## आ.व २०७७/७८ को प्रगति समिक्षा तथा

## आ.व २०७८/७९ को नीति तथा कार्यक्रम

समृद्ध, सुन्दर साँफेबगर,

बनाऔं राष्ट्रकै नमूना नगर

# साँफेबगर नगरपालिका,अछामको आगामी आ.व.०७८/०७९ को बार्षिक नीति, तथा कार्यक्रम

## प्रस्तुत मिति २०७८ असार ०७ गते

**यस साँफेबगर नगरपालीकाको सातौ नगर सभा- २०७८ का सभा अध्यक्ष तथा नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यू,नगर सभासद ज्यूहरु,**

नेपालको संविधान बमोजिम साँफेबगर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गर्व महशुस गरेको छु । मुलुकलाई निरङ्कुश सामन्ती शासन प्रणाली बाट जनताका प्रतिनिधी मार्फत राज्यको शासन सञ्चालन गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्र सम्म ल्याईपु-याउने क्रममा आफ्नो प्राणको आहुती गर्नुहुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । इतिहासको त्यो संगिन मोडमा आफ्नो पारिवारीक र व्यक्तिगत स्वार्थको रत्तिभर प्रवाह नगरी निरन्तर राष्ट्र र राष्ट्रियता प्रति ओतप्रोत भई सदा-सर्वदा जनताको बृहत्तर हितका खातिर राष्ट्रहितमा समर्पित भई राज्यको आमूल परिवर्तन गर्ने उद्धेश्यका साथ विभिन्न कालखण्डमा भएका आन्दोलनहरुको नेतृत्व गर्नुहुने ती अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

सम्पूर्ण विश्व नै कोभिड-१९ महामारीको चपेटामा परीरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस सभाको बैठकलाई सम्बोधन गर्दैछु ।

कोभिड-१९ महामारीको दोस्रो लहरको कारण मानब जातिमाथि पुन: सङ्कट पैदा भएको छ । विश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन । महामारीबाट लाखौँ मानिसको ज्यान गइसकेको छ, अरू लाखौँ संक्रमित छन । यस महामारीबाट संक्रमित भई नेपाल बाहिर,जिल्ला बाहिर र नगर भित्र ज्यान गुमाउनुहुने नेपाली दाजुभाई तथा दिदि बहिनी प्रति हार्दिक श्रदान्जली तथा मृतकहरुको परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछु । उपचाररत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**अध्यक्ष महोदय,**

अब म यस साँफेबगर नगरपालिकाको आ.व.२०७७/०७८ मा नगरपालिकाले हाल सम्म सम्पन्न गरेका आयोजना तथा कार्यक्रमको संक्षिप्त प्रगति समिक्षा विवरण र आ.व.०७८/७९ मा यस नगरपालिकाले लिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# खण्ड १

## साँफेबगर नगरपालिकामा चालु आ.व. २०७७/७८ को हाल सम्मको प्रगति समिक्षा :

### १. कोरोना भाइरस महामारीः

- कोरोना भाइरस महामारीमा खट्ने राष्ट्रसेवक कर्मचारीहरुलाई कोरोना जोखिम भत्ता उपलब्ध गराएको । साथै वयलपाटा अस्पतालमा कार्यरत सबै कर्मचारीहरुलाई प्रति कर्मचारी रु २०००।- उपलब्ध गराएको ।
- सबै स्वास्थ्य चौकी र बयालपाटा अस्पतालमा कोरोना भाइरस संक्रमणबाट बच्न स्वास्थ्यकर्मीहरुलाई पञ्जा, मास्क लगायतका स्वास्थ्य सुरक्षाका सामग्री वितरण गरीएको ।
- वयलपाटा अस्पताललाई अक्सिजन सिलिण्डर, पल्स-अक्सिमिटर, नेबुलाइजर, अक्सीजन कन्सन्टेन्टर र कार्डियाक मनिटर लगायतका सामानहरु उपलब्ध गराएको ।
- पि.सि.आर परिक्षणका ८९७ स्वाव संकलन गरी कमलबजार प्राथमिक स्वास्थ्य केन्द्रमा पठाईएकोमा ३८९ संक्रमित भएको ।
- नगर प्रमुखको संयोजकत्वमा ५ सदस्यीय संकट व्यवस्थापन केन्द्रको बैठक बसी प्रकोप व्यवस्थापनका लागि आवश्यक निर्णयहरु गरिएको ।
- सुरक्षाकर्मीहरुलाई मास्क, सेनीटाईजर, विष्कुट तथा पानीको व्यवस्था गरी सहयोग गरिएको ।
- कोरोना भाइरस महामारी नियन्त्रण तथा आवश्यक सजगताका लागि विभिन्न सञ्चार माध्यमका साथै फ्लेक्स प्रिन्ट व्यानर मार्फत चेतनामुलक सन्देश प्रसारण गरिएको ।
- विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट नगद तथा राहत सामग्री प्राप्त गरिएको ।

### २. प्रशासन , संगठन विकास तथा सुशासन :

- उद्यम विकास सहजकर्ता २ जना, कार्यालय सहयोगी १ जना, स्विपर १ जना, एम्बुलेन्स चालक १जनाको
  विज्ञापन लिई छनोट भएका र सुचना प्रविधि अधिकृत १ जनाका लागि आबेदन खुला गरेको ।
- यो आ.ब. मा २६ जना कर्मचारी र जनप्रतिनिधिहरुलाइ कोरोना भाइरस बिमाको रकम रु १ लाखका दरले रु.२६ लाख भूक्तानी भै सकेको र बाँकी करिव २९ जना जति कर्मचारी र जनप्रतिनिधिहरुको विमा रकम दावि गरिएको ।
- ५ जना जति कर्मचारीहरुलाई दोहोरो सहमतिका आधारमा सरुवा गर्ने प्रक्रिया अघि बढेको ।
- १७५० पत्र परिपत्रहरु चलानी भइ विभिन्न कार्यालय (संघीय, प्रदेश र स्थानीय तह) तथा व्यक्ति संस्थाहरुलाई दिई पत्रबमोजिमका कार्यहरु गरिएको ।
- २०६५ चिठिपत्रहरु दर्ता भएका दर्ता भई नियमानुसार कारबाही गरिएको ।
- संघीय, प्रादेशिक कार्यालयबाट माग भएका प्रतिबेदनहरु उपलब्ध गराईएको ।

- निषेधाज्ञाको समयावधिमा ७९८ जनालाई सवारी पासको लागि जिल्ला प्रशासन कार्यलयलाई सिफारिस गरिएको ।

३. <u>स्वास्थ्य :</u>

- स्वास्थ्य संस्थाहरुमा सूचना तथा प्रविधि प्रणालीको सुरुवात हुनुका साथै पालिका स्तरीय DHIS 2 तालिम सम्पन्न र online reporting  शुरु गरेको ।
- पातलकोट, नवाठाना र बाब्लामा प्रसुति केन्द्रको भवन निर्माण, सिद्धेश्वर, मष्टामाण्डौ र चण्डिकामा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण तथा देबीस्थान, घुघूरकोट र खप्तडमा स्वास्थ्य चौकी भवन निर्माण कार्य संचालनमा रहेको ।
- सबै स्वास्थ्य संस्थाहरुलाई ल्यापटप वितरण गरिएको ।
- **"गर्भवती महिला संग नगर उपप्रमुख कोशेली कार्यक्रम"** सम्पूर्ण वडामा संचालन भै सम्पन्न गरिएको ।
- अल्ट्रासाउण्ड, कोरोना खोप, कुष्टरोग निवारण कार्यक्रम र पूर्ण खोप सुनिश्चितता कार्यक्रम सम्पन्न गरिएको ।
- बृहत पोषण प्याकेज तालिम सम्पूर्ण स्वास्थ्यकर्मीलाई दिइएको साथै स्वास्थ्यका सम्पूर्ण कार्यक्रमको अर्धबार्षिक तथा वार्षिक गोष्ठी सम्पन्न गरेको ।

४. <u>बहुक्षेत्रीय पोषणः</u>

- नगर र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक सञ्चालन भएको ।
- नगरस्तरीय विषयगत शाखाको बैठक सम्पन्न भएको ।
- नगर पोषण कर्नर स्थापना भएको ।
- बिषयगत शाखाहरु मार्फत क्षेत्रगत बजेट विनियोजन गरि कार्यक्रमहरु सम्पन्नको अन्तिम चरणमा रहेको ।

५. <u>सुचना प्रविधि :</u>

- साँफेबगर नगरपालिकाका विध्यालयहरुले प्रणालिमा अपडेट गरेको अङ्कलाई आधिकारिक बनाएर  पहिलो पटक कक्षा ८ को डिजिटल मार्कसिट वितरण गर्ने काम अत्यधिक प्रयासपछि सफल भएको छ। अब विध्यालयलाई विवरण राख्न, शैक्षिक अवस्था मनन गर्न, प्रतिलिपि निकाल्न सहज भएको छ।
- न्यायिक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरिएको छ। यस अन्तर्गत जम्मा विवादहरु, चलिरहेको विवादहरु, सम्पन्न भएका विवादहरु, दरपीठ भएका विवादहरुको डिजिटल विवरण राखिने गर्दछ। साथै उपयोगी सन्दर्भ सामाग्री र आवश्यक लिङ्क पनि यस प्रणालीमा समावेश गरिएको छ।

- शिक्षा विकास तथा समन्वय इकाईद्वारा विकसित IEMIS(Integrated Education Management Information System) प्रणालीमा गत वर्षको विध्यालयहरुको शैक्षिक प्रगति र २०७७ सालको नयाँ विध्यार्थी विवरण अपडेट गर्ने कार्यमा आवश्यक सहजिकरण गरिएको छ। अहिले विपन्न छात्रवृत्तिको विवरण पनि अनलाईन भएकाले उक्त काममा पनि विध्यालयहरुलाई सहयोग गरिएको छ।
- आ.व. २०७७-७८ मा पारित निति, कर, अन्य आवश्यक विवरणलाई साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np र डाटा पोर्टल sanfebagar.susasan.org मा अपडेट गरिएको छ।
- कृषि शाखाका प्रमुख र उक्त शाखाका सम्पूर्ण कर्मचारीलाई कृषि कार्यक्रम व्यवस्थापन प्रणालीको बारेमा पहिलो चरणको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो। यस प्रणालि मार्फत कृषक समूह (कुल दर्ता भएका कृषक समुहहरु, महिला सदस्यहरु, जम्मा सदस्यहरु, वडागतरुपमा दर्ता भएका कृषक समुहहरु )लैंगिकताका आधारमा वडामा सहभागिता, अनुदानको सम्पूर्ण विवरण यसै प्रणालीमा अध्यावधिक गरियो ।
- प्रादेशिक सुशासन केन्द्र/ स्थानीय शासन सहयोग कार्यक्रमले स्थानीय सरकारको क्षमता विकासको कार्यक्रम संचालन गरिरहेकोछ । थप क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नकोलागी स्थानीय सरकारको क्षमताको वर्तमान अवस्था, समस्याहरु, कार्यक्रम संचालनमा सहयोगको आवश्यकताको बारेमा एकिन जानकारी प्राप्त भएमा मात्र कार्यक्रम संचालन र प्राथमिकीकरण गर्न सहज हुने भएकोले उक्त जानकारीहरु उपलब्ध गराउने काम विभिन्न चरणमा गरिएको छ ।
- कोभिड-१९ ले गर्दा आ.व.७६-७७ मा वडा नेटवर्किङका लागि टेन्डर प्रक्रिया अघि बढाउन नसकेको कामलाई प्राथमिकताका साथ अघि बढाएर टेन्डरको काम सम्पन्न गरिएको छ। साथै वडा नं ८ को सामुदायिक सूचना प्रविधि केन्द्रमा केहि महिनादेखि अवरुद्ध ईन्टरनेट सेवालाई सूचारु गरिएको छ।
- गुनासो व्यवस्थापन प्रणाली र पूर्वाधार व्यवस्थापन प्रणालीलाई प्राथमिकतामा राखेर काम गर्ने प्रक्रिया जारि रहेको छ। यस आ.व. मा गुनासो सुझाव पेटिका खोलेर प्राप्त भएको १ गुनासो पनि प्रणालिमा अपडेट गरेर सम्बोधन गरिएको छ। साथै पूर्वाधार व्यवस्थापन प्रणालीमा गत वर्षका योजनाहरुको अवस्था अपडेट गरिएको छ र यस आ.व. का योजनाको अनुगमनमा पनि यो प्रणालि अन्तर्गतको मोबाइल एपद्वारा नै अनुगन गराउने काममा अभ्यास भइरहेको छ।
- यस कोरोना महामारिका कारण विगतमा हुने स्थलगत बैठकहरु सबै भर्चुएल मिटिङ्गमा परिणत भएकाले विभिन्न विभाग, संघसंस्थाले आयोजना गरेका भर्चुएल मिटिङ्गमा आवश्यक समन्वय र सहजिकरण गरिएको छ।
- मालिका विकास संघ संग हाम्रो सम्झौता अनुरुप सुचना प्रविधिलाई समुदाय स्तरमा पुर्याउने उदेश्यले साँफेबगर नगरपालिकाले सुशासन र पारदर्शिताका लागि प्रविधिको

प्रयोग गरेर सुरु गरेका प्रयासहरु, प्रणालीबारे अभिमूखिकरण कार्यक्रमहरु सुरक्षाका प्रावधानलाई आत्मसात गर्दै विभिन्न चरणमा सञ्चालन गरिएको छ।

- वडा नं ३, ४ र ७ मा सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता सुरु गर्न आवश्यक सहजिकरण गरिएको छ।
- पूर्वाधार व्यवस्थापन प्रणालीलाई सफल पार्न विभिन्न चरणमा नगर कर्मचारी, सरोकारवालाहरु र नागरिकलाई अभिमूखिकरण गरिएको छ।

## ६. पशु सेवा :

- ७८७ जनालाई पशुपंक्षी उपचार तथा परामर्श सेवा उपलब्ध गराएको ।
- नगरपालिकाको पशु सेवा शाखा तथा वडाहरुबाट जम्मा ७०२० पशुपंक्षीको उपचार हुनुका साथै ७००० बाख्रालाई पि.पि. आर रोग विरुद्धको खोप लगाइएको ।
- १४ बटै वडाका ६५०० घरधुरीमा पशुपंक्षी तथ्यांक संकलन गरेको ।
- पशु विमा अन्तर्गत युनाइटेड इन्स्योरेन्स क.लि., डिभिजन बन कार्यालय लगायतका कार्यालयलाई पशुधन क्षति पूर्तिका लागि ३० वटा मृत्यु प्रमाणिकरण सिफारिस गरिएको ।
- भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अछाममा युवा लक्षित कार्यक्रम तथा अन्य कार्यक्रममा सहभागिताका लागि १२४ जनालाई सिफारिस गरिएको ।
- पशु सेवा शाखाको समन्वयमा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अछामबाट कोरोना प्रभावित तथा युवा लक्षित कार्यक्रममा छनोट भएका कृषकहरुको जम्मा विवरण देहाय बमोजिम रहेको,

| क्र.सं | सेवाको विवरण | सेवाग्राहीको संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाख्रा पालन | २७ | |
| २ | भैसी पालन | ५ | |
| ३ | माछा पालन | १ | |
| ४ | कुखुरा पालन | १० | |
| ५ | बाख्रा खोर सुधार | ४ | |
| ६ | रैथाने कुखुरा प्रबर्द्दन | १ | |
| ७ | मिनी ह्याचरी स्थापना | २ | |
| ८ | कुखुरा मोडेल फर्म | ५ | |
| ९ | बंगुर खोर सुधार | १ | |
| १० | नमुना बाख्रा खोर सुधार | ४ | |
| ११ | बोका वितरण | २ | |
| जम्मा | | ६२ | |

- नौमुठे गाई संरक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सु-सम्पन्न गरिएको ।
- लागत साझेदारीमा कुखुराको दाना बनाउने मेशिन कृषकलाई वितरण गरिएको ।

- सुनौला हजार दिनका आमाहरुलाई १ दिने कुखुरापालन सम्बन्धी अभिमूखीकरण कार्यक्रम तथा ३ वटा वडाका ३४८ जनालाई उपकरण वितरण गरिएको ।
- सुनौला हजार दिनका ३४८ जना आमाहरुलाई १३३३ वटा कुखुराका चल्ला वितरण कार्यक्रम अन्तिम चरणमा पुगेको ।
- वडा नं. ५, १२ र १४ मा पशु स्वास्थ्य शिविर सम्पन्न भएको ।
- ५० वटा कृषि तथा पशुपंछी फर्म दर्ता भइ ६ वटा कृषक समुह तथा समिति दर्ता भएका ।
- भैसी पकेट कार्यक्रम कार्यान्वयनको चरणमा रहेको ।
- भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अछामबाट प्रकाशित यस नगरपालिकामा सरोकार राख्ने ७ वटा सुचना प्रसारण गरिएको ।

## ७. कृषि

- विभिन्न वालिमा लाग्ने रोग किरा नियन्त्रणका लागि विषादि, उपकरण खरिद तथा वितरण कार्यक्रम सम्पन्न भएको ।
- कृषक दर्ता व्यवस्थापन कार्यक्रम सुचारु गरिएको ।
- बर्षे फलफुलका विरुवा वितरण कार्यक्रमको सुचना प्रकाशित गरी कार्यान्वयनको चरणमा रहेको ।
- १००० वटा उन्नत मिनिकिट वितरण कार्यक्रम १४ वटै वडामा वितरण भइरहेको ।
- सबै वडाहरुमा तरकारीमा लाग्ने विभिन्न रोग किरा नियन्त्रण सम्बन्धी स्थलगत तालिम संचालनमा रहेको ।
- १४ वटै वडाका १/१ जना अगुवा कृषकलाई सामग्री वितरण भैरहेको ।
- अदुवा र तरकारी पकेट कार्यक्रम संचालन भैरहेको ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम सम्पन्न भएको ।
- नयाँ बहुउद्येश्यीय नर्सरी स्थापना कार्यक्रम कार्यान्वयनको क्रममा रहेको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सा.न.पा. वडा नं. १ देखी १४ सम्म सुनौला हजार दिनका आमाहरु तथा किशोरीहरुलाई जम्मा २२०० लाई पोषण सुधार ताथ तरकारीको महत्व सम्बन्धी स्थलगत तालिम र २२०० जनालाई बर्षे मिनिकिट वितरण कार्यक्रम सु-सम्पन्न भएको ।
- कृषि ज्ञान केन्द्र, अछामबाट प्रकाशित यस नगरपालिकामा सरोकार राख्ने ९ वटा सुचना प्रसारण गरिएको ।

## ८. शिक्षा

- एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धि दुइ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको ।
- युवा प्रतिभा पहिचान कार्यक्रम लेखन प्रतियोगिता सम्पन्न गरिएको ।
- एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली सम्बन्धि ३ दिने कार्यशाला सम्पन्न भएको ।
- आधारभुत तह कक्षा -८ को प्रश्न पत्र निर्माण कार्यशाला सम्पन्न भएको ।
- नगरपालिकाको प्राथमिक, आधारभूत तथा माध्यामिक विद्यालय समेत गरि नगरपालिकाको तर्फबाट २४ लाख ५० हजार रकम शैक्षिक सहायता अनुदानको रुपमा निकासा गरिएको ।

- २ वडा माध्यामिक विध्यालायलाई विज्ञान  प्रयोगशाला, ३ वटा माध्यामिक विध्यालायलाई पुस्तकालय र ३ वटा विद्यालयलाई आई.सी.टि स्थापनाको लागि बजेट व्यावस्थापन भएको ।
- ४ वटा विद्यालयमा ७ लाखका ४ वटा शौचालय निर्माणाधीन अवस्थामा रहेको ।
- नमुना विद्यालयलाई गुरुयोजनामा आधारित विकास निर्माणको लागि रु १ करोड निकासा गरिएको ।
- नगर शिक्षा समितिको ४ वटा बैठक सम्पन्न भई आवश्यक निर्णय गरि कार्यान्वयनमा रहेको ।
- सामुदायिक विद्यालय व्यवस्थापन महासंघको सहकार्यमा शिक्षाको प्रतिकार्य योजना तयार पारिएको ।
- राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत ३ वटा विद्यालयमा २ कोठे रु १६ लाखको भवनहरु र २  विद्यालयमा ७ लाखका शौचालयहरु निर्माणाधीन अवस्थामा रहेको ।
- नगर क्षेत्रका ३ वटा विध्यालयलाई प्रति विद्यालय ३६ लाखको भवन निर्माणाधीन अवस्थामा रहेको ।
- युवा संसदको अभ्यास कार्यक्रम संचालन गरी सु-सम्पन्न गरिएको ।
- २ वटा विद्यालयमा **"माध्यामिक विद्यालय नवीनतम शैक्षिक प्रविधी तथा सिकाई सामाग्री"** हस्तान्तरण हुने प्रक्रियामा रहेको ।

९. <u>सामाजिक सुरक्षा</u>

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता नगद वितरण गरिएकोमा जम्मा लाभग्राही संख्या :- ७१५३  (७ हजार १ सय ५३ जना )
  जम्मा वितरित रकम :-४,२४,४०,४१०।–(४ करोड २४ लाख ४० हजार ४ सय १० मात्र)
- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गर्ने प्रयोजनार्थ नगरपालिका स्थित ०६ वटा बैंक सँग सम्झौता गरी दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता बैंकमार्फत लाभाग्राहिको बैंक खातामा भुक्तानी गरिएकोमा,
  जम्मा लाभग्राही संख्या :- ५८४९ (५ हजार ८ सय ४९ जना )
  जम्मा निकासा भएको  रकम :- ३,७३,०३,१५६।–( ३ करोड ७३ लाख ३ हजार १ सय ५६ मात्र )
- सामाजिक सुरक्षा भत्ताको तेस्रो चौमासिक रकम निकासाको अन्तिम चरणमा रहेको छ,
- २०७७ बैशाख देखि २०७७ चैत्र सम्मको व्यक्तिगत घटना दर्ताको विवरण

| क्र सं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह | बसाईसराई दर्ता | | | | सम्बन्ध | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | दर्ता संख्या | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाईसराईको संख्या | विच्छेद संख्या | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०६६ | ११२२ | २१८८ | १७५ | ५७५ | ७३९ | ४१६ | ३७६ | ८८५ | १५ | ९०५ | ० | ३८७८ | - |

- सामाजिक सुरक्षा भत्ता पाउने १४ वटै वडाका लाभग्राहीहरुको फोटो सहितको विवरण रजिष्टरमा अभिलेख गर्ने कार्य सम्पन्न भई **"व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली"मा** अध्यावधिक गर्ने कार्य जारी रहेको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई प्रणालीमा अध्यावधिक विवरण सहितको परिचयपत्र उपलब्ध गराउने कार्य प्रक्रियामा रहेको।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावणदेखि २०७६ साल पौष महिनासम्मको विवरण डिजिटाईजेशन कार्य सम्पन्न भएको ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाईन प्रणाली मार्फत संचालन गर्ने प्रयोजनार्थ ईन्टरनेट जडान कार्य प्रक्रियामा रहेको ।
- **"व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली"** सम्बन्धी वडा सचिवहरुको लागि अनलाईन तालिम सम्पन्न गरी वडा नं.०३,०४,०६,०७ र ०८ गरी ५ वटा वडामा व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली मार्फत सुरुवात गरिएको ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविर सञ्चालनको लागि वडा सचिव तथा वडा अध्यक्षज्यूहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको तथा वडा कार्यालयबाट छनौट गरी पठाएका विवरण संकलकहरुलाई तालिम समेत प्रदान गरीएकोमा कोभीड -१९ का कारण हाललाई दर्ता शिविरको अन्य प्रक्रिया बाँकी रहेको ।
- दर्ता शिविर सम्बन्धी सूचना सञ्चार सामाग्रीहरुको छपाई कार्य सम्पन्न गरिएको ।

**१०.महिला, बालबालिका तथा जेष्ट नागरिक :**

- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विपन्न महिलालाई राहत वितरण गरि सम्पन्न भएको ।
- २ चरणमा अपाङ्गता परिचय पत्र वितरण गरिएको ।
- अन्तराष्ट्रिय नारी दिबस मनाईएको ।
- ८ वटा वडामा महिनावारीको बर्तमान अवस्था र त्यसको दिगो व्यवस्थापनको लागि सरोकारवालाहरुसंग छलफल कार्यक्रम सम्पन्न गरिएको ।
- अन्तराष्ट्रिय अपांगता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरु बीच छलफल ।

११।<u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u>

- बेरोजगारहरुको फारम रितपूर्वक पूर्ण विवरण सहितको निवेदन प्राप्त भएका जम्मा ३१६२ बेरोजगारहरुको विवरण रोजगार व्यस्थापन सुचना प्रणालीमा प्रविष्ट गरेको ।

- नेपाल सरकारले तोके अनुसार सुचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूतिको लागि वडा नं. १,२,१०,११ र १४ गरी ५ वटा वडामा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन गरी रोजगारी सिर्जना गरिएको ।
- नगरपालिकाको १-१४ वटै वडाहरुमा सामुदायिक आयोजना सञ्चालन गरी रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत ४८७ जना बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी र ६०० जनालाई न्युनतम १ महिना बराबरको रोजगारीमा संलग्न गराइएको छ ।
- काममा संलग्न प्रत्येक श्रमीकहरुलाई लाभग्राही परिचय पत्र वितरण गरीएको ।
- रोजगारीमा संलग्न प्रत्येक लाभग्राहीहरुको पारिश्रमिक भुक्तानीका लागि व्यक्तिगत खाता खोलिएको ।
- आगामी आ.व. को लागि यस साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडामा रितपूर्वक बेरोजगार फारम दर्ता गरेका १३८० जना बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत गरिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन पश्चात मात्र भुक्तानी गर्ने प्रणालीलाई निरन्तरता दिईएको ।
- नगरपालिकाको केहि वडाहरुमा लागत साझेदारी गरि योजना संचालन प्रभावकारी भएको ।

**१२.गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)**

- नगरपालिकामा मेडपा कार्यक्रम सञ्चालन गर्नका लागि साँफेबगर नगरपालिकाका वडाहरु क्रमशः ३,४,५ र ९ लाई छनोट गरिएको ।
- साँफेबगर नगरपालिकामा छनोट भएका वडामा ४ वटा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- अभिमूखीकरण कार्यक्रम गरिसकेका वडाहरुमा प्रयोगात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सञ्चालन गरी वडाहरुमा फाराम ए र फाराम बी  गरी जम्मा १४५ जनाको फाराम भरी मोवाईल एपमा प्रविष्टि गरिएको, जसमध्ये उद्यमशील बन्न चाहने १०२ जना इच्छुक सहभागीहरुका लागि उद्यमशिलता विकास तालिम सञ्चालन गरिएको ।
- व्युटिपार्लर, हाते होजियारी, डल कुशन, बाख्रा पालन, होटल तालिम, तरकारी खेती, चुरा डिजाइन तालिम, चाउमिन तालिम, कम्प्युटर तालिम जस्ता उद्यमशिलता विकास तालिमहरु छनोट गरी हाते होजियारी तालिम र व्युटिपार्लर तालिम सञ्चालनमा रहेको ।
- सिप विकास केन्द्र धनगढीको सहकार्यमा हातेकडाई तालिम सम्पन्न भएको ।

१३.<u>आन्तरिक राजश्व :</u>

- विभिन्न आय शिर्षकमा जम्मा एक करोड सात लाख चौसठ्ठी हजार दुई सय सत्र रुपैया राजस्व संकलन भएको ।

- राजस्व सुधार कार्ययोजना तयारी तालिम तथा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको ।
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा दस्तावेज तयार भएको ।

## १४.पूर्वाधार विकास :

### क. स्थानीय पूर्वाधार विकास कार्यक्रम – संघीय सरकार :

अछाम जिल्ला क्षेत्र नं १ बाट प्रतिनिधित्व गर्ने संघीय प्रतिनिधी सभा सांसद माननीय श्री भीम रावल ज्युबाट प्राप्त सांसद विकास कोष अन्तर्गतको योजनाहरुमा :

- रु . १ करोड ३६ लाख ४० हजार कुल लागत भएका १० वटा योजनाहरु संचालनमा रहेका ।
- १० वटा योजना मध्ये ४ वटा योजनाहरु सम्पन्न भैसकेको र बाँकी ६ वटा योजनाहरु निर्माणाधीन अवस्थामा रही करिव ८०% कार्य प्रगति भैसकेको ।

### ख. पूर्वाधार विकास साझेदारी कार्यक्रम – प्रदेश सरकार:

अछाम जिल्ला क्षेत्र नं १ (क) वाट सुदुरपश्चिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभासद तथा अर्थ विकास तथा प्राकृतिक विकास समितिका सभापति माननीय श्री हर्क बहादुर कुँवर ज्युको संसद विकास कोष अन्तर्गतका योजनाहरुमा :

- रु.२ करोड ८ लाख ६१ हजार कुल लागत भएका २३ वटा योजनाहरु संचालनमा रहेका ।
- २३ वटा योजनाहरु मध्ये १४ वटा योजनाको काम सम्पन्न भैसकेको र बाँकी ९ वटा योजनाहरु निर्माणाधीन अवस्थामा रही करिव ७५% कार्य प्रगति भैसकेको ।

### ग. प्रदेश विशेष अनुदान तर्फको कार्यक्रम :

- रु.६८ लाख कुल लागत भएका ४ वटा योजनाहरु संचालनमा रहेका ।
- ४ वटा योजनाहरु मध्ये ३ वटा योजनाको कार्य अन्तिम चरणमा रहेको छ भने एउटा योजना (बुढाबगर देखि वडा कार्यालय हुदै खप्तड जडिबुटी मार्ग निर्माण) को काम संचालन नभएको ।

### घ. प्रदेश समपुरक तर्फका कार्यक्रम:

- रु .७७ लाख ४२ हजार प्रदेश सरकारको र त्यतिनै रकम नगरपालिकाको गरि कुल रु. १ करोड ५४ लाख ८४ हजारको लागतमा ४ वडा योजनाहरु विद्युतीय खरिद प्रणाली विधीबाट ठेक्का बन्दोबस्त भई संचालनमा रहेका ।

- ४ वटा योजनाहरुको हाल सम्मको करिव ७५% कार्य प्रगति भएको ।

**ङ. भवन निर्माण तर्फ :**

- यस आ.ब. २०७७-०७८ मा यस नगरपालिका अन्तर्गत भवन निर्माण तर्फ जम्मा ३५ वटा योजनाहरु रहेका छन् । जसको विनियोजित बजेट रकम रु ३ करोड ५४ लाख ५० हजार रहेको छ ।
- उक्त ३५ वटा योजनाहरु मध्ये १२ वटा योजना सम्पन्न भइ उपप्रमुखको संयोजकत्वमा अनुगमन भएर जम्मा रकम रु. ३६ लाख साठी हजार भुक्तानी भैसकेको र बाकि रहेका २३ वटा भवन निर्माण तर्फका योजनाको कार्य प्रगति ३५ % भै कार्यान्वयन चरणमा रहेका छन ।

च. **<u>सडक निर्माणतर्फ :</u>**

- यस नगरपालिका अन्तर्गत सडक निर्माणतर्फ जम्मा १८ वटा योजनाको विनियोजित बजेट १ करोड १५ लाख ११ हजार रहेको छ ।
- उक्त १८ वटा योजनाहरु मध्ये १३ वटा योजना सम्पन्न भई अनुगमन भएर जम्मा रकम रु. ७१ लाख १० हजार भुक्तानी भैसकेको र बाकि रहेका ५ वटा सडक निर्माणतर्फका योजना को कार्य प्रगति ९०% भै सम्पन्नको अन्तिम चरणमा रहेका छन

छ. **<u>खानेपानी निर्माण तर्फ :</u>**

- यस नगरपालिका अन्तर्गत खानेपानी निर्माण तर्फमा जम्मा ५१ वटा योजनाहरु रहेका छन् । जसको विनियोजित बजेट १ करोड ३८ लाख २० हजार रहेको छ ।
- उक्त ५१ वटा योजनाहरु मध्य ३९ वटा योजनाहरु सम्पन्न अनुगमन भएर जम्मा रकम रु. ६८ लाख ५५ हजार भुक्तानी भैसकेको र बाकि रहेका १२ वटा खानेपानी निर्माण तर्फका योजनाको कार्य प्रगति ८५% भै सम्पन्नको अन्तिम चरणमा रहेका छन् ।

ज. **<u>सिचाई निर्माणतर्फ :</u>**

- यस नगरपालिका अन्तर्गत सिचाई निर्माण तर्फ जम्मा २५ योजनाहरु रहेका छन । जसको विनियोजित बजेट रकम रु. ९८ लाख ७० हजार रहेको छ ।
- उक्त २५ वटा योजनाहरु मध्ये १३ वटा योजना सम्पन्न भइ अनुगमन भएर जम्मा रकम रु. ३६ लाख ९० हजार भुक्तानी भैसकेको र बाकि रहेका १२ वटा सिचाई

निर्माण तर्फका योजना को कार्य प्रगति ८५ % भै सम्पन्नको अन्तिम चरणमा रहेका छन् ।

झ. **गोरेटो वाटोतर्फ :**

- यस नगरपालिका अन्तर्गत गोरेटो बाटो निर्माण तर्फका १९ वटा योजनाहरु रहेका छन् जसको विनियोजित बजेट रकम रु २२ लाख २० हजार रहेको छ ।
- उक्त १९ वटा योजनाहरु मध्ये १४ वटा योजनाहरु सम्पन्न भइ अनुगमन भएर जम्मा रकम रु. १६ लाख ८० हजार भुक्तानी भइसकेको र बाकि रहेका ५ वटा गोरेटो बाटो निर्माण तर्फका योजना को कार्य प्रगति ९५ % भइ सम्पन्नको अन्तिम चरणमा रहेका छन ।

ञ. खेलकुद विकास निर्माण तर्फ :

- यस नगरपालिका अन्तर्गत खेलकुद विकास निर्माण तर्फ जम्मा २ वटा योजनाहरु रहेका छन् । जसको विनियोजित बजेट रकम रु. २५ लाख रहेको छ ।
- उक्त २ वटा योजनाहरु मध्ये १ योजना रिडिकोट खेलकुद संरचना निर्माण सम्पन्न र उप प्रमुखको संयोजकत्वमा अनुगमन भएर जम्मा रकम रु. १० लाख भक्तानी भैसकेको र बाकि रहेकको १ वटा (बाब्ला खेलमैदान) खेलकुद विकास निर्माण तर्फको योजना को कार्य प्रगति ८० % भै सम्पन्नको अन्तिम चरणमा रहेका छन ।

ट. पर्यटन संस्कृति तर्फ :

- यस नगरपालिका अन्तर्गत_पर्यटन संस्कृति पूर्वाधारतर्फ जम्मा २८ योजनाहरु रहेका छन् । जसको विनियोजित बजेट रकम रु. ७४ लाख ९ हजार रहेको छ ।
- उक्त २८ वटा योजनाहरु मध्ये १७ योजना सम्पन्न भइ अनुगमन भएर जम्मा रकम रु. २० लाख ५२ हजार भुक्तानी भैसकेको र बाकि रहेका ११ वटा पर्यटन संस्कृति पूर्वाधारतर्फका योजना को कार्य प्रगति ८० % भइ सम्पन्नको अन्तिम चरणमा रहेका छन ।

ठ. तटबन्धन तर्फ :

- यस नगरपालिका अन्तर्गत तटबन्धन तर्फ जम्मा १५ योजनाहरु रहेका छन जसको विनियोजित बजेट रकम रु. १ करोड ७३ लाख रहेको छ ।

- उक्त १५ वटा योजनाहरु मध्ये ३ वटा योजना सम्पन्न भई अनुगमन भएर जम्मा रकम रु. २१  लाख भक्तानी भैसकेको र बाकि रहेका १२ वटा तटबन्धन तर्फका योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन ।

ङ. <u>विविध तर्फ :</u>

- यस नगरपालिका अन्तर्गत सिचाई पूर्वाधारतर्फ जम्मा ३८  योजनाहरु रहेका छन । जसको विनियोजित बजेट रकम रु. १ करोड २३ लाख ३२ हजार ५ सय रहेको छ ।
- उक्त ३८ वटा योजनाहरु मध्ये २३  योजनाहरु  सम्पन्न भइ अनुगमन भएर जम्मा रकम रु. ३७ लाख ५५ हजार भुक्तानी भैसकेको र बाकि रहेका १५ वटा विविध तर्फका योजना को भौतिक प्रगति ८० % भै सम्पन्नको अन्तिम चरणमा रहेका छन ।
- साँफेबगर नगरपालिका वडा नं. १४ मा विजुली जडान भएको छ  भने साँफेबगर नगरपालिका वडा नं. ०९ को ऐराडा र वडा नं ११ को भिर्कु टोलमा विद्युत जोड्ने कार्य प्रक्रियामा रहेको ।
- साँफेबगर नगरपालिका भित्रका सडकहरुको आवश्यकता अनुसार स्तरोन्नती गरी सडकलाइ फराकिलो बनाउने कार्य भएको ।
- पर्यटन गेटहरु निर्माण गरिएका ।
- विभिन्न वडाहरुमा मन्दिर निर्माणका कार्यहरु भएका ।
- बैद्यनाथ धाम पर्खाल, पर्गलो चढाउने  र चौतारा लगायतको संरचना निर्माण गरिएको ।
- ९ वटा नक्सा पास भएका, ६ वटा नक्सा पास प्रक्रियामा रहेका, १० वटा नक्सा पास अभिलेखीकरण भएको र ७ वटा नक्सा पास प्रक्रियामा रहेको ।

१५.<u>नगर अनुगमन तथा सुपरिवेक्षण :</u>

- हालसम्म नगरभित्रका सम्पन्न भएका ७६ वटा योजनाहरुको अनुगमन मूल्याङ्कन तथा सुपरीबेक्षण गरी आवश्यक पृष्ठपोषण दिइनुका साथै सोको प्रतिवेदन नगरपालिकामा पेश गरेको ।

१६.<u>न्यायिक समिति:</u>

- न्यायिक समितिमा १३ वटा आलीधुर, कुटपिट, घरेलु हिंसा र लेनदेन सम्बन्धिका मुद्धाहरु दर्ता हुन गई ७ वटा मुद्धा मेलमिलापको माध्यमद्वारा फछ्र्यौट गरिएको र बाँकी ६ वटा मुद्धा फछ्र्यौट हुने प्रक्रियामा रहेको ।

- न्यायिक कार्य सहज सरल र विधिसम्मत प्रक्रिया बाट कार्य सम्पादन गर्न आ.व. ०७६/७७ मा कानुन शाखाको स्थापना भई न्यायिक समितिको निर्देशन बमोजिम सोही शाखा मार्फत कानुनी कार्यहरु सञ्चालन भईरहेको ।
- यसै बर्ष न्यायिक मामिला व्यवस्थापन प्रणाली लागू भई सञ्चालनमा रहेको छ ।
- आ.व.२०७७/०७८ मा न्यायिक समिति अन्तर्गतका मेलमिलापकेन्द्रमा रहेका २० जना मेलमिलापकर्ताहरुलाई सूचीकृत गरिएको ।
- न्यायिक मामिला तथा मेलमिलाप केन्द्र व्यवस्थापन सम्बन्धी न्यायिक समिति, वडा अध्यक्ष र मेलमिलाप कर्ताहरुलाई १ दिने अभिमुखीकरण तालिम सम्पन्न गरिएको ।
- स्थानीय तहको कानुन निर्माण सम्बन्धी GIZ को सहयोगमा जनप्रतिनिधीलाई ३ दिने तालिम प्रदान गरिएको ।
- GIZ को सहयोग र यस नगरपालिकाको कार्यालय वीचको समन्वयमा विपद् व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन भएको छ ।

# खण्ड २

## आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमहरू:

१.स्वास्थ्य :

- हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड -१९ महामारीको नियन्त्रण तथा रोकथामको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- प्रसुति केन्द्र संचालन नभएका स्वास्थ्य संस्थाहरू(नवाठाना, चण्डिका र मष्टामाण्डौमा)मा प्रसुति केन्द्र स्थापना गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूमा सूचना तथा प्रविधि प्रणालीको विस्तार गरि सबै स्वास्थ्य संस्थाहरूमा विद्युतीय व्यावस्थापन सुचना प्रणाली Online Reporting लागु गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
- नवाठाना र जाल्पादेबी लगायत अन्य वडाहरुलाई लाई पोषणमैत्री स्थानीय शासन वडा घोषणा गर्दैजाने व्यवस्था मिलाईनेछ ।
- न्यूनतम सेवा मापदण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्ण बिमा स्वास्थ्य कार्यक्रम सबै वडाहरूमा प्रभावकारी रूपमा लागु गरिनेछ ।
- किशोर किशोरी यौन शिक्षा तथा बृहत यौनिकता शिक्षा र परिवार नियोजन कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपालिकाको स्वास्थ्य नीति निर्माण गरिनेछ ।

२. बहुक्षेत्रीय पोषणः

- एकिकृत पोषणका कार्यक्रमहरु संचालन भएका वडा तथा टोलहरुमा कार्यक्रमको दिगोपनाका लागि नियमित अनुगमन तथा मूल्याङ्कन गर्न वडा समिति, वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति, स्वास्थ्यकर्मीहरु तथा सरोकारवालाहरु सबैको सक्रिय सहभागिता गराईनेछ ।
- नगरपालिकालाई पोषणमैत्री स्थानीय शासन युक्त स्थानीय तह बनाउने अभियान संचालन गरिनेछ ।
- एक घर एक करेसावारी, बाह्रै महिना हरियो तरकारी अभियान तिब्रताका साथ संचालन गर्ने कुरालाई प्राथमिकता दिईनेछ।

## ३. पशु सेवा शाखाः

- साँफेबगर नगरपालिकाका १४ वटै वडामा पशुपंक्षी तथ्यांक संकलन र पशुजन्य उत्पादनको तथ्यांक संकलन गरी हाल नगरपालिकामा रहेको पशुजन्य पदार्थको आयात तथा निर्यातको बारेमा सर्वेक्षण गर्न नगर स्तरीय पशु विकास योजना प्रोफायल तयार गरी पशुपालक कृषकहरुलाई सहयोग गरिने नीति लिइनेछ ।
- नगरपालिकालाई दुध, माछा, मासु र अण्डामा आत्मनिर्भर बनाउन पशुपालनमा युवाहरुलाई प्रोत्साहन गर्न युवा लक्षित कार्यक्रम ल्याइनेछ ।
- पशुपालनको मुख्य आधार घाँस उत्पादन भएकोले घाँस विकासका लागि नगरपालिका भित्र सम्भाब्यता अध्ययन गरी नर्सरी स्थापना गर्ने, हिँउदे, बर्षे र बहु बर्षे घाँस उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- मासु पसल र डेरी पसलहरुलाई व्यवस्थित गर्न नगरपालिका तथा सम्बन्धीत निकायबाट अनुगमन तथा निरिक्षणको व्यवस्था मिलाइनेछ ।
- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका रोगहरुको नियन्त्रण तथा निवारण गर्न विभिन्न रोगको उपचार तथा खोप लगाउने व्यवस्था मिलाइनेछ ।
- कम उत्पादन क्षमता भएका पशुको बहिर्गमन गरी उन्नत नश्लका पशुपंक्षीको आगमन गर्न र पशुजन्य उत्पादनलाई बढाउनका लागि प्राकृतिक पशु प्रजननमा उन्नत पाडा, साढे र वोका वितरण गरिनेछ भने कृतिम पशु प्रजननको लागि राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा र मातहतका निकायसंग समन्वय गरी कृतिम गर्भाधान सेवा विस्तार गर्न पहल गरिनेछ ।
- कृषकको सीप, ज्ञान र क्षमता अभिबृद्धि गर्न विभिन्न किसिमका तालिम तथा गोष्ठी कार्यक्रम  गरिनेछ ।
- विश्वकै सानो र दुर्लभ अछामी नौ मुठे गाईको संरक्षण, सम्बर्द्धनमा विशेष जोड दिइनेछ ।
- वर्तमान सुहाउदो बैज्ञानिक तथा आधुनिक प्राविधिक सेवा दिनका लागि प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनुका साथै पशु सेवा शाखामा अपुग उपकरणहरुको व्यवस्था गरिनेछ ।
- दुग्धजन्य पदार्थ उत्पादनका लागि भैसी पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशुधनको सुरक्षा सुनिश्चितताको लागि पशु बिमामा जोड दिईनेछ ।

## ४. सुचना प्रविधि :

- साँफेबगर नगरपालिकाको विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु खुला सरकार (open government) को अवधारणाबाट निर्देशित रही सूचना तथ्याङ्कहरु विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरूप open format  मा उपलव्ध गराउने व्यवस्था गरी सकिएको छ । यसलाई थप प्रभावकारी बनाईनेछ ।

- सेवा प्रवाहका कार्यहरुमा आधुनिक प्रविधि प्रयोग गरि सुशासन सहितको डिजीटल प्रविधिको उपयोगबाट सेवा प्रवाह उत्पादकत्व र उत्पादन अभिबृद्धि गरि आर्थिक, सामाजिक रुपान्तरण गर्ने सरकारको नीतिलाई अवलम्बन गरिनेछ ।
- इन्टरनेट सेवा सुलभ, सहज र सरल रुपमा उपलब्ध गराउन सेवा प्रदायकहरुको साझेदारीमा पूर्वाधार निर्माण गरि वितरण गर्ने सरकारको नीतिमा समन्वय गरिने छ ।
- नगरपालिकाको निर्णय संञ्चार माध्यम मार्फत सर्वसाधारणका लागि सार्वजनिकरण गरिने छ ।
- समुदायहरुलाई सूचना तथा संचार प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन नगरपालिकामा सूचना प्रविधि केन्द्रहरु (Techno Hub) मार्फत डिजिटल साक्षरता सम्बन्धी कार्यक्रमहरु विस्तार गरिने छ ।
- सेवाग्राहीहरुको अनलाईनबाट पनि उजुरी तथा गुनासाहरु लिन गुनासो व्यवस्थापन प्रणाली (Grievance Redressal Management System) लाई निरन्तरता दिईने छ ।
- साँफेबगर नगरपालिकाको विकास निर्माण, सेवा प्रवाह र सुशासन प्रवर्द्धनका नीति, योजना, कार्यक्रमहरु, राम्रा अभ्यासहरुलाई आम जनतासमक्ष सकारात्मक रुपमा संप्रेषण भएको सूचना, समाचार र सेवा प्रवाहको बजारीकरण गर्ने पत्रकारितालाई आगामी आर्थिक वर्ष देखि पुरस्कृत गरिने नीति लिईने छ ।
- पूर्वाधार सम्बन्धि योजनाहरुको तथ्याङ्क व्यवस्थित गर्न पूर्वाधार व्यवस्थापन प्रणाली (Infrastructure Management System)को प्रभावकारी कार्यान्वयनमा थप जोड दिईने छ।
- साँफेबगर नगरपालिकाको सम्पूर्ण वडाहरुको श्रोत नक्साङ्कन (GIS Map)कार्यलाई निरन्तरता दिईने छ ।
- नगरपालिकामा संचालन हुने विभिन्न विकास योजनाहरुको सरकारी तथा नागरिक तहबाट अनुगमन प्रणाली प्रभावकारी बनाउन विद्युतीय प्रणाली mobile application को कार्यान्वयनलाई निरन्तरता दिईने छ ।
- नगरमा प्रयोग भइरहेका सम्पूर्ण प्रणाली(वेबसाइट, डाटा पोर्टल, ई-नागरिक वडापत्र, कृषि व्यवस्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली, ई-हाजिरी, आदि) र अभ्यासहरुलाई निरन्तरता दिई सम्बन्धित निकायहरुसंग आवश्यक समुन्वय र साझेदारीका साथ विकास निर्माणका कार्यहरु सहज र प्रभावशाली बनाईने छ ।

## ५. कृषि विकास :

- साँफेबगर नगरपालिका अन्तर्गत रहेका १४ वटै वडामा कृषि तथ्याङ्क संकलन र कृषिजन्य उत्पादनको तथ्याङ्क संकलन गरी हाल नगरपालिकामा रहेका कृषिजन्य पदार्थको आयात तथा निर्यातको बारेमा सर्वेक्षण गर्न नगर स्तरीय कृषि विकास योजना प्रोफायल तयार गरिनेछ ।

- तरकारीजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी कृषकहरुको आर्थिक स्थिति सुधार गर्न तरकारीको पकेट क्षेत्र स्थापना तथा संचालन गर्दै लगिनेछ ।
- खाद्यान्न फलफुल तथा मसला बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि उन्नतजातको विउ विजन वितरण गर्दै लगिनेछ ।
- व्यवसायिक कृषि फार्म, कृषक समूहलाई सञ्चालन गर्न विशेष अनुदानको व्यवस्था गरी युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गराइनेछ ।
- विभिन्न वालीमा लाग्ने किरा तथा रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न र वाली उपचार शिविर सञ्चालन तथा कृषि विमामा जोड दिई कृषिमा हुने क्षतिको सुरक्षण गरिनेछ ।
- नगरपालिकाको सबै वडामा कृषि व्यवसाय सम्बन्धी कृषि प्राविधिक परामर्श सेवा दिन उचित व्यवस्था मिलाइनेछ ।
- कृषकको ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न विभिन्न किसिमका तालिम तथा गोष्टि आयोजना गरिनेछ ।
- कृषि विकासको क्षेत्रमा काम गर्ने अन्य दातृ निकायसंग समन्वय गरी आवश्यक आर्थिक, भौतिक तथा प्राविधिक सहयोग जुटाउन पहल गरिनेछ ।
- बर्तमान अवस्था सुहाउदो बैज्ञानिक तथा आधुनिक प्राविधिक सेवा दिनको लागि प्राविधिक कर्मचारीको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।
- आलु पकेट कार्यक्रम संचालन गरिनेछ ।
- माटो परीक्षण कार्यलाई निरन्तरता दिई पकेट क्षेत्र निर्धारण गर्दै लगिनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गर्न सिंचाई पूर्वाधार संरचना निर्माणमा जोड दिईनेछ ।

**६. महिला, बालबालिका तथा जेष्ट नागरिक :**

- समाजमा रहेका कुरिती, लैंगिक हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ ।
- सामाजिक, आर्थिक र राजनीतिक रुपले पछि परेका विपन्न, दलित तथा एकल महिलाहरुलाई क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनेछ ।
- वालवालिकाहरुको हक, अधिकार संरक्षण, संबर्द्धन र वालविवाह न्यूनिकरणका लागि वालक्लब गठन र क्षमता विकास तालिमहरुको आयोजना गरिनेछ ।
- भौतिक संरचना निर्माण गर्दा अपांगमैत्री, वालमैत्री बनाउने तथा आमा बाबु गुमाएका बालबालिकाहरुका लागि सहयोग तथा सशक्तिकरण गर्ने नीति लिइनेछ ।
- समाजमा रहेका एच.आई.भी. संक्रमित, बाबुआमा गुमाएका वालवालिका एकल महिला लागि जिविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकसंग नगर प्रमुख कार्यक्रम संचालन गरिनेछ ।
- लैङ्गिक विभेद, जातीय विभेद, घरेलु हिंसा तथा महिला हिंसा न्यूनिकरण कार्यक्रम गरिनेछ ।
- गर्भवती संग नगर उप-प्रमुख कोसेली कार्यक्रम संचालन गरिनेछ ।
- आमाबाबु गुमाएमा बालबालिकाहरु संग नगर प्रमुख कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिला संग नगर उप-प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

- लैंगीक हिँसा विरुद्धको १६ दिने अभियान. तिज कार्यक्रम र नारि दिवश जस्ता कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।
- ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई नगरपालिकाको तर्फबाट सामाजिक सुरक्षाको दायरा भित्र ल्याउने नीति लिईनेछ ।
- बैधनाथ क्षेत्रमा जेष्ट नागारिक आवास गृह निर्माण गरिनेछ ।
- नगर बाल उद्यान निर्माण गर्दै जाने नीति लिईनेछ माटो परीक्षण कार्यलाई निरन्तरता दिई पकेट क्षेत्र निर्धारण गर्दै लगिनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गर्न सिंचाई पूर्वाधार संरचना निर्माणमा जोड दिईनेछ ।

## ७. शिक्षा :

- वि.व्य.स., शि.अ.स., जनप्रतिनिधि, प्रधानाध्यापक मासिक बैठक, नगर शिक्षा समिति बैठक मावि तह विषयगत शिक्षकहरूको संगको समन्वय तथा सहकार्यलाई निरन्तरता दिईनेछ ।
- जेहेन्दार विद्यार्थी सहायता अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- अन्तर विद्यालय वक्तित्व प्रतियोगिता, आ.वि तथा मा.वि गणित तथा विज्ञान प्रदर्शनि प्रतियोगिता, बुद्धिमत्ता परिक्षण प्रतियोगिता, सांस्कृतिक प्रतियोगिता, हाजिरिजवाफ प्रतियोगिता, अन्तर विद्यालय निबन्ध लेखन प्रतियोगिता लगायतका अतिरिक्त क्रियाकलाप संचालन तथा व्यवस्थापन गरिनेछ ।
- विपतमा सिकाई निरन्तरता तथा सहिजिकरणका लागि वैकल्पिक सिकाई कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक गुणस्तर तथा पहुँच अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछन ।
- सामुदायिक विद्यालयहरुमा सुचना तथा संचार प्रविधिको पहुँच विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहको शैक्षिक योजना तर्जुमा तथा स्थानिय पाठ्यक्रम निर्माण गरिनेछ ।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री र कक्षा आठको परिक्षा व्यावस्थापनको लागि विद्यालयलाई अनुदान प्रदान गरिनेछ ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विध्यार्थिका लागी गैर आवाशीय तथा दलित छात्रवृति प्रदान गरिने छ।
- प्रत्येक विद्यालयलाई विद्यालय संचालन तथा व्यवस्थापन अनुदान प्रदान गर्दैलगिनेछ ।
- शैक्षिक पहुँच सुनिश्चितताका लागि वैकल्पिक शिक्षा मार्फत सिकाईलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवंम् कार्यसम्पादनमा प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गरिनेछ ।

- विश्व खाद्य कार्यक्रम लागु भएका बाहेक अन्य  नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-५ सम्मका सबै विद्यार्थीहरुलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान प्रदान गरिनेछ।
- कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।
- केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको क्रमाङ्गत भवन निर्माण तथा कक्षा ११ स्तर-उन्नति भएका प्राविधिक धार तर्फका विद्यालयको ल्याब व्यवस्थापन गर्न अनुदान प्रदान गरिने छ ।
- मा.वि अधुरो छात्रबास भवन निर्माण गरिने छ ।
- खेलकुद विकासका लागि खेलकुद सामग्री, खेलमैदान तथा खेलकुद पूर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।
- युवा क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा प्रतिभाहरुको पहिचान  गरी उनीहरुलाई प्रोत्साहन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनलाई  निरन्तरता दिइनेछ ।

## ८. सामाजिक सुरक्षा:

- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गर्नुका साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई प्रणालीमा अध्यावधिक विवरण सहितको परिचयपत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- १४ वटा वडा मध्ये बाँकीको ०९ वटा वडामा व्यक्तिगत घटना दर्ता अनलाईन प्रणालीमार्फत दर्ता गर्न आवश्यक प्रक्रियालाई तदारुकताका साथ अगाडि बढाउने साथै उक्त कार्यका लागि १४ वटै वडामा रंगिन प्रिन्टर सहितको कम्प्युटर सेटको उपलब्धता गराइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी प्रत्येक वडामा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- वडा सचिवहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविर सञ्चालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावण भन्दा अगाडिको उपलब्ध भएसम्मका सम्पूर्ण विवरणहरुको डिजिटाईजेशन  गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिइनेछ ।

## ९. न्यायिकः

➢ न्यायिक निरुपणका लागि यस नगरपालिकाको न्यायिक समितिमा दर्ता हुन आउने विभिन्न मुद्धा तथा उजुरीहरुलाई अनलाइन प्रणाली मार्फत दर्ता गर्ने प्रक्रिया तदारुकताका साथ अगाडी बढाइनेछ ।

➢ वडा तहमा रहेका मेलमिलाप केन्द्रहरुका मेलमिलापकर्ताहरुको लागि न्यायिक मामिला सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरी मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ ।

➢ वडा तहमा रहेका मेलमिलाप केन्द्रहरुलाई आवश्यकता र औचित्यताको आधारमा भौतिक साधन स्रोत उपलब्ध गराउने नीति लिईनेछ ।

## १०. प्रशासन, संगठन विकास तथा सुशासन :

- प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिमको आयोजना गरिनेछ ।
- सर्वोत्कृष्ट कार्य गर्ने १ जना कर्मचारीलाई रु.५० हजार र उत्कृष्ट कार्य गर्ने २ जना कर्मचारीहरुलाई जनही २५ हजारका दरले पुरस्कृत गर्ने नीति लिइनेछ ।
- वडाको राजश्व क्षमता तथा कार्य सम्पादनको आधारमा त्यहाँ कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि गर्दै लगिनेछ ।
- नगरपालिकाको करार सेवाको कर्मचारीले पहिले देखि नै पाउदै आएको पोशाक भत्ता रु. १० हजार लाई निरन्तरता दिईनेछ ।
- वडा तहको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।
- सूचकाङ्कको आधारमा वडा तथा जनप्रतिनिधीहरुलाई सम्मान गरिनेछ ।
- नगर पालिकामा थप शान्ति सुरक्षा र अमनचयन कायम गर्न नगर प्रहरीको व्यवस्था गरिनेछ ।

## ११. आन्तरिक राजश्व :

- नगरपालिकामा सबैभन्दा बढि कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।
- करको दर वृद्धि गर्नुभन्दा पनि करको दायरा फराकिलो पारी सबै व्यवसायीहरुलाई करको दायरामा ल्याइने छ । राजस्व परिचालन सम्बन्धी नीति, ऐन, कार्यविधि तथा मापदण्ड तर्जुमा गरिनेछ ।
- राजस्व सम्बन्धी थप ज्ञान सीप अभिबृद्धि गर्न तथा थप राजस्व संकलनमा सहयोग पुर्याउन अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदारसंग समन्वय तथा अन्तरसंवादलाई प्राथमिकतामा राखिनेछ ।

## १२. वन वातावरण तथा भूसंरक्षणः

- पहिरो नियन्त्रण र भू-संरक्षणका लागि वृक्षारोपण कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।
- वन कार्यालयको समन्वयमा वन पैदावरको चोरी निकासी तथा जंगल संरक्षणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।
- सामूदायिक वनको संरक्षण गरी व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको वन ऐन -२०७८ निर्माण गरि लागु गरिनेछ ।

## १३. पर्यटन संस्कृतिः

- परम्परागत चाडपर्ब, कला संस्कृतिको विकास, संरक्षण र संबर्द्धन गरिनेछ ।
- पर्यटकिय सम्भाव्य क्षेत्रको प्रचार प्रसारका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- पर्यटन विकासको लागि सरकारी तथा गैरसरकारी निकायसंग नगरपालिकाले समन्वय गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरभित्र पर्यटन पूर्वाधार (खानेपानी, विश्राम गृह, संकेत बोर्ड, पैदल मार्गको स्तरोन्नती) को विकासलाई प्राथमिकतामा राखी सोही मुताविक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- खम्ड क्षेत्रको पर्यटनलाई प्रवर्द्धन गर्न नगरपालिका तथा यस अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुलाई बर्षको एक पटकका लागि भ्रमण गर्न लगिनेछ ।

## १४. खानेपानी तथा सरसफाईः

- नगर क्षेत्रभित्र स्वच्छ र सुलभ रुपमा खानेपानी आपूर्तीको व्यवस्था गरिनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ साइट निर्माण कार्य तिब्रताका साथ अगाडि बढाई सुचारु गरिनेछ ।
- एक घर एक धारा कार्यक्रम कार्यान्वियनमा जोड दिईनेछ ।
- नगरपालिकाको बजार क्षेत्रमा ठाँउठाँउमा फोहोर न्यूनिकरणका लागि डस्टविन राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- खानेपानी वितरण गर्दा मिटर जोडेर वितरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- खानेपानीको गुणस्तर परिक्षण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

## १५. प्रधानमन्त्री रोजगार कार्यक्रम

- स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा

रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालन गरि श्रममुलक योजना मार्फत सामुदायको विकास सँगै सामाजिक सुरक्षा तथा संरक्षणको प्रत्याभूति दिलाइनेछ।

- रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार श्रमिकलाई रोजगारि दिन र प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना अझै प्रभावकारी बनाउनका लागि वडाले थप बजेटको व्यवस्थापन गर्नसक्नेछ।
- नगरपालिकामा सञ्चालित सघं, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथिमकतामा राख्दै लगिनेछ।
- बेरोजगार र विपन्न नागरिकलाई सिपमुलक तालिम दिनका लागि संघिय सरकारको साझेदारीमा सिपमुलक तालिम सञ्चालन गरिनेछ।

१६. विद्युत तथा उर्जा :

- विद्युत नपुगेको टोलहरुमा विद्युत पुर्याउने नीति लिईनेछ।
- बैकल्पिक उर्जा प्रबर्द्धनमा जोड दिईनेछ।

१७. सहकारी सम्बन्धीः

- नगरपालिका भित्र सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरलाई सहकारी ऐन बमोजिम सञ्चालन तथा नियमन गरिनेछ।
- बचत कर्ताहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- सहकारी संस्थामा आवद्ध प्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्दै लगिनेछ।

१८. सीप विकास :

- कपाल देखि कम्प्युटर सम्म सीप विकास तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- लक्षित बर्गलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरी सीपमूलक तालिम प्रदान गरी सशक्तिकरण गरिनेछ।
- स्थानीय स्रोत साधनमा आधारित रही स्वरोजगारी सिर्जना हुने गरी सीपमूलक तालिम सञ्चालनमा जोड दिइनेछ।
- तालिम लिई व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिहरुलाई नगरपालिकाबाट गरिने सहयोगलाई निरन्तरता दिईनेछ।

१९. पूर्वाधार विकास तथा व्यवस्थापनः

- नगरपालिकामा भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागू गरिनेछ।
- सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु समाबेशी हुनेछन।

- नगरपालिकाले निर्माण गर्ने सबै प्रकारका भौतिक पूर्वाधार उपभोक्ता समूह वा समुदायमा आधारीत समूह वा संस्थाहरु मार्फत सञ्चालन गरिने तर प्राविधिक दृष्टिकोणले उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्न कठिनाई हुने आयोजनाहरुको निर्माण कार्य ठेक्का प्रणाली मार्फत सञ्चालन गरिनेछ ।
- सबै प्रकारका भौतिक पूर्वाधारहरुको योजना तर्जुमा प्रक्रिया देखी सम्पन्न भएर हस्तान्तरण प्रक्रिया सम्म आइपुग्दा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता प्रक्रियाहरु मार्फत अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- यातायात सेवालाई व्यवस्थित र भरपर्दो बनाउन नियमित अनुगमन गरिनेछ ।
- घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरेर मात्र घर निर्माण गर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

**२०. विविध :**

- नगर कार्यपालिका सदस्य गाउघर विकास कार्यक्रम संचालन गरिनेछ ।
- आ.व २०७७/७८ मा कार्य सम्पन्न नभएका योजनाहरुको हकमा अत्यावश्यक योजनाहरु बाहेक अन्य योजनाहरुलाई आ.व २०७८/७९ मा बजेट व्यावस्थापन नगर्ने नीति लिईनेछ ।
- नगर अनुगमन समितिले नगर तथा वडाको विकास निर्माण सम्बन्धी सम्पूर्ण योजनाहरुको अनिवार्य अनुगमन गरि भुक्तानीको लागि सिफारिस गर्ने व्यवस्था मिलाईनेछ ।
- वडा सभाबाट विनियोजित बजेटमा विकास बजेटलाई बढी प्राथमिकता दिनुपर्ने व्यावस्था मिलाईनेछ ।

**उपस्थित आदरणीय नगरसभा सदस्यहरुः**

आगामी आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट समग्र नगरवासीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने मैले बिश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न विभिन्न ठाउबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपले सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, साँफेबगर नगरपालिका नगरकार्यपालिकाका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, नगरस्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी, साँफेबगर नगरपालिकाका राष्ट्रसेवक कर्मचारी तथा व्यावसायीहरु लगायत नगरवासीहरुलाई विशेष धन्यवाद दिदै यसको सफल कार्यान्वयनमा समेत यहाँहरुको उल्लेखनीय सहयोगको अपेक्षा राख्दै आफ्नो तर्फबाट यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**उपस्थित नगरसभा सदस्यज्यूहरु,**

साँफेबगर नगरपालिकाको आ.व.२०७८/०७९ को लागि गरिमामय सातौँ नगरसभा समक्ष साँफेबगर नगरपालिकाले लिएको रणनैतीक आवधिक योजनाको दूरदृष्टिको रुपमा रहेको सन्तुलित विकास, सम्मानित जीबन, समावेशी पूर्वाधार प्रविधि तथा वातावरणीय सन्तुलन

सहित समाजबाद उन्मुख साँफेबगर नगरको रुपमा आगामी आ.व. मा सञ्चालन गरिने योजना तथा कार्यक्रमको  लागि वजेट छुट्याइनेछ ।

<u>अध्यक्ष महोदयः</u>

अन्तमा नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वियनका लागि यस सभामा उपस्थित नगर सभासदज्यूहरुको सल्लाह तथा सुझाबको अपेक्षा गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विभिन्न चरणहरु पार गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुर्याउनुहुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति र विषयगत समितिका पदाधिकारीहरु एबं सम्पूर्ण राष्ट्र सेवक कर्मचारी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले यस नगरपालिकाको सन्तुलित विकासमा फलदायी हुने कुरामा विश्वस्त भई यसको सफल कार्यान्वियनमा यहाँहरुको निरन्तर रचनात्मक सहयोग, प्रेरणा, सल्लाह र सुझाबको अपेक्षा गर्दछु । धन्यबाद ।

दिनांक २०७८ साल आषाढ ०७ गते बुधबार

बिर्मला देवी बुडथापा

नगर उप-प्रमुख

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम